सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २२९ ♦ २०८३ साल वैशाख १२ शनिवार ♦ 25 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेस प्रदेश सभाको छैटौं अधिवेशन अन्त्य



**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

मधेस प्रदेश सभाको छैटौं अधिवेशन अन्त्य गरिएको छ। प्रदेश सरकारको सिफारिसका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले उक्त अधिवेशन अन्त्य भएको घोषणा गरेका छन्।

प्रदेश प्रमुखको कार्यालयले मधेस प्रदेश सरकारको वैशाख ९ गते बसेको मन्त्रीपरिषद् बैठकले प्रदेश सभाको छैटौं अधिवेशन अन्त्य गर्न सिफारिस गरेको विज्ञप्ति आज प्रकाशित गरेको छ । सोही सिफारिसअनुसार नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश प्रमुखले अधिवेशन अन्त्य गरेका हुन्।

शुक्रवार राति १२ बजेदेखि लागू हुने गरी छैटौं अधिवेशन अन्त्य भएको जनाइएको छ । प्रदेश सभाको छैटौं अधिवेशन अन्त्यसँगै अब नयाँ अधिवेशन बोलाउने तयारी सरकारको तर्फबाट अगाडि बढाइने भएको छ।

## महोत्तरीमा अब घर घर मै राहदानी उपलब्ध हुने

**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

सेवाग्राहीलाई सहज र प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय महोत्तरीले राहदानी वितरणमा नयाँ व्यवस्था लागू गरेको छ । अब राहदानी बनाउने सेवाग्राहीले आफ्नो घर ठेगानामै राहदानी प्राप्त गर्न सक्ने भएका छन् ।



नेपाल सरकारको शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूची अन्तर्गत बुँदा नं. २७ कार्यान्वयन गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरी र जिल्ला हुलाक कार्यालयबिच समझदारी भएपछि उक्त सेवा सुरु गरिएको हो ।

सेवा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायबिच समन्वयलाई थप मजबुत बनाइने उद्देश्यसहित जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रशासकीय अधिकृत कामेश्वर यादव र जिल्ला हुलाक कार्यालय महोत्तरीका हुलाक अधिकृत रामचन्द्र साहले समझदारीपत्रमा हस्ताक्षर गरी राहदानी वितरण सेवा सुरु गरिएको हो ।

सम्झौताअनुसार सेवाग्राहीले राहदानीका लागि आवेदन दिँदा उल्लेख गरेको ठेगानामा नेपाल हुलाक सेवामार्फत सुरक्षित रूपमा राहदानी पुर्‍याइनेछ। हुलाक कार्यालयले राहदानी सुरक्षित ढुवानी, प्राप्तकर्ताको पहिचान पुष्टि गरी हस्तान्तरण गर्ने तथा वितरणसम्बन्धी अभिलेख राख्ने जिम्मेवारी लिनेछ। यसअघि राहदानी लिन सेवाग्राही आफैं कार्यालय पुग्नुपर्ने बाध्यता रहेकामा नयाँ व्यवस्थाले समय, खर्च र झन्झट घटाउने विश्वास गरिएको छ। विशेषगरी ग्रामीण भेगका नागरिकलाई यसबाट बढी लाभ पुग्ने अपेक्षा गरिएको छ।

कार्यालयले आवेदन फाराम भर्दा आफ्नो ठेगाना, सम्पर्क विवरण स्पष्ट र सही उल्लेख गर्न सेवाग्राहीलाई आग्रह गरेको छ। साथै, सेवा प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायबिच समन्वयलाई थप मजबुत बनाइने उद्देश्य सहित जिल्ला प्रशासन कार्यालय महोत्तरी को तर्फबाट प्रशासकीय अधिकृत कामेश्वर यादव र जिल्ला हुलाक महोत्तरीको तर्फबाट हुलाक अधिकृत रामचन्द्र साहले समझारीपत्रमा हस्ताक्षर गरेर राहदानी सम्बन्धी काम अघि बढाएको छ।

## १७ जना अपांगता भएका व्यक्तिलाई निःशुल्क व्हीलचेयर वितरण

**खबर दर्पण समाचारदाता**

**वैशाख ११ गते, बर्दिवास**

महोत्तरी जिल्लाका दुई स्थानीय तहका दर्जनौं अपांगता भएका व्यक्तिहरूलाई निःशुल्क रूपमा व्हीलचेयर वितरण गरिएको छ ।

नेपाल-भारत महिला मैत्री समाजको आयोजनामा शुक्रबार महोत्तरीको सोनमा गाउँपालिका-३ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा आयोजित कार्यक्रममा १७ जना अपांगता भएका व्यक्तिहरूलाई व्हीलचेयर प्रदान गरिएको हो । समाजकी अध्यक्ष तथा पूर्वमन्त्री चन्दा चौधरीले कार्यक्रमलाई सम्बोधन गर्दै समाजले आवश्यकता अनुसार विभिन्न समयमा सामाजिक सेवाका कार्य गर्दै आएको बताइन् । उनले भूकम्प, कोभिड-१९ महामारी लगायतका कठिन समयमा पनि आफूहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरेको उल्लेख गरिन् ।

*बाँकी पृष्ठ ३ मा*



शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz परिवर्तनकालागि

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# मधेश समृद्धिको आधार कृषि

सन्दीपकुमार साह




आय, रोजगारी तथा जीवन निर्वाहको दृष्टिले कृषिक्षेत्र राष्ट्रिय अर्थतन्त्र र मधेश प्रदेशको आर्थिक मेरुदण्डका रूपमा रहेको छ । मधेश प्रदेशमा करिब ६५ प्रतिशत खेतीयोग्य जमिन छ । कुल खेतीयोग्य जमिनको करिब ७८ प्रतिशतमा खाद्यान्न, ११ प्रतिशतमा दलहन, चार प्रतिशतमा नगदेबाली र तीन प्रतिशतमा तेलबालीको खेती हुँदै आएको छ । देशको कुल उत्पादनमध्ये करिब २०.५२ प्रतिशत खाद्यान्न, २०.७ प्रतिशत फलफूल, २५.८८ प्रतिशत तरकारी मधेश प्रदेशमा उत्पादन गरिन्छ । मधेश प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३५.१९ प्रतिशत छ ।

मधेशको अधिकांश भूभाग खेतीयोग्य छन् । मधेशमा ६३.८ प्रतिशत परिवार कृषिमा आश्रित छन् । प्रदेशका बहुसङ्ख्यक कृषकले एक हेक्टरभन्दा कम जमिनमा खेती गरिरहेका छन् । कृषिमा आश्रित परिवारमध्ये ५७ प्रतिशत परिवारले मात्र आफ्नै उत्पादनबाट वर्षभरिलाई पुग्ने गरी खाद्य आवश्यकता पूरा गर्न सक्छ भने ४३ प्रतिशत परिवारले वर्षभरिको खाद्य आवश्यकता पूरा गर्न सक्दैनन् । कृषिमा आश्रित अधिकांश परिवारमा खाद्य असुरक्षा, आहार विविधताको कमी र कुपोषणको अवस्था छ ।

नेपालमा सिँचाइ गरिएका कुल क्षेत्रफलको २८ प्रतिशत क्षेत्रफल मधेश प्रदेशमा छ । मधेश प्रदेशको कुल सिँचाइयोग्य जमिनको लगभग ६५.८ प्रतिशत जमिनमा सिँचाइ सुविधा उपलब्ध छ । मधेश प्रदेश कृषि उत्पादनमा अग्रणी भए पनि सिँचाइ सुविधाको कमीले कृषकलाई विभिन्न समस्याको सामना गर्नु परिरहेको छ । सिँचाइको पहुँच विस्तारमा प्रगति देखिए पनि अझ धेरै सुधार आवश्यक छ ।

कृषिक्षेत्रले विश्वको एक तिहाइ जनशक्ति र नेपालमा हरेक पाँच जनामध्ये एक जनालाई रोजगारी प्रदान गर्छ । मुलुकको अर्थतन्त्र गैरकृषिक्षेत्रतर्फ रूपान्तरण हुँदै गएको छ । मधेशको कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३६ प्रतिशत छ । मधेशको ग्रामीण क्षेत्रमा बसोबास गर्ने व्यक्तिको आयआर्जन, रोजगारी र जीवन निर्वाहको बलियो आधार हो कृषि । मधेशमा कृषिक्षेत्रको विविधीकरण, व्यवसायीकरण र समुचित विकास नहुनुका कारण मधेशमा गरिबी र बेरोजगारीसमेत बढ्दै गएको छ ।

परम्परागत कृषि प्रणाली, उन्नत बिउबिजन तथा मलखादको कमी, सिँचाइ सुविधाको पहुँचमा कमी, कृषि पूर्वाधारको कमी, कृषिमा प्रविधिको न्यून प्रयोग र जलवायु परिवर्तन कृषिक्षेत्रका मुख्य समस्या हुन् । युवापुस्तालाई कृषिमा आकर्षित गर्नु, कृषि कामदारको अभावलाई यान्त्रिकीकरणको माध्यमबाट परिपूर्ति गर्नु, कृषि प्राविधिकको उपलब्धता सहज र पहुँचयोग्य बनाउनु, अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउनु, कृषि अनुदानलाई व्यवस्थित, पारदर्शी र प्रभावकरी बनाउनु मुख्य चुनौती हो ।

मधेश प्रदेशका जिल्लाबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उच्च छ । गाउँघर रित्तो हुँदै गएको छ । खाद्यान्नको भण्डार क्षेत्रका रूपमा रहेको मधेश प्रदेशका खेतीपाती हुने उर्वर भूमि उजाड बन्दै गएको छ । परिणामस्वरूप कृषिक्षेत्रको उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ । देशको खाद्यान्नको आवश्यकतालाई मधेशको उर्वर भूमिबाट परिपूर्ति गर्नुपर्ने ठाउँमा मधेशका युवा जनशक्ति आज रोजगारी र जीविकोपार्जनका लागि बाध्यात्मक रूपमा रहेको वैदेशिक रोजगारीमा कष्टकर र जोखिमपूर्ण काम गर्नु परेको छ । युवा जनशक्ति जो अरू देशको विकास र समृद्धिका लागि काम गर्दै छन्, तिनीहरूलाई स्वदेशमै कृषिक्षेत्रमा आकर्षित गरी वैदेशिक रोजगार माथिको निर्भरतामा ब्रेक लगाउन जरुरी छ । त्यसका लागि कृषिक्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरि कृषिमा बढ्दै गएको परनिर्भरता घटाउँदै कृषिक्षेत्रमा रोजगारी वा स्वरोजगारीका अवसर सिर्जना गर्नु पर्छ ।

कृषिक्षेत्रमा विद्यमान रहेको पारम्परिक तथा निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक र यान्त्रिकीकरणतर्फ रूपान्तरण गरी कृषि उद्यमशीलताको माध्यमबाट कृषिमा थप रोजगारी सिर्जना वा स्वरोजगार प्रवर्धन वा आय आर्जन गर्न प्रविधिमा आधारित कृषि प्रणालीको स्थापना, कृषि बिमामा पहुँच विस्तार, सिँचाइ सुविधाको विस्तार, कृषि बजारको सञ्जाल निर्माण, स्वचालित बजार मूल्य प्रणालीको स्थापना गर्नु पर्छ । यसले कृषिक्षेत्रको कुल गार्हस्थ उत्पादनमा वृद्धि गर्न योगदान गर्ने छ भने बिचौलियातन्त्रको अन्त्य गर्नसमेत मद्दत पुग्ने छ ।

मधेशलाई देशको अन्न भण्डार भनेर चिनिन्छ । मधेशको आर्थिक विकासमा कृषिक्षेत्रको अहम् योगदान छ । यस क्षेत्रले भविष्यमा समेत योगदान गर्न सक्ने सम्भावना कायम नै छ । सडक, सिँचाइ, प्रशोधन उद्योग र बजार सञ्जाल सजिलै विकास एवं विस्तार गर्न सकिने भएकाले मधेशमा कृषिक्षेत्रमा अत्यधिक सम्भावना छ । मधेशमा उत्पादित कृषि उपजलाई भारत, बङ्गलादेश जस्ता छिमेकी मुलुकमा निर्यात गरी अधिकतम आर्थिक लाभ लिन सक्ने अवसर मधेशसँग छ ।

इजरायल, अमेरिका, जापान, दक्षिण कोरिया र भारतको केरला कृषि विकास मोडेलका प्रभावकारी पक्षलाई समेटी मधेशको जलवायु, भौगोलिक विविधता र बनावटलाई ध्यानमा राखी मधेशका लागि उपयुक्त र प्रभावकारी हुने मिश्रित कृषि विकास मोडेल प्रणाली अवलम्बन गर्न जरुरी छ । जस अन्तर्गत निम्न चरणको माध्यमबाट मधेशको कृषि प्रणालीलाई आधुनिक एवं व्यावसायिक र कृषकलाई आत्मनिर्भर बनाउन बनाउन सकिन्छ ।

**आधुनिक एवं वैज्ञानिक कृषि प्रविधि :** कृषिक्षेत्रमा आधुनिक एवं वैज्ञानिक प्रविधिको प्रयोगले उत्पादकत्व बढाउन, लागत तथा श्रम घटाउन र स्रोतको समुचित परिचालन गर्न सघाउँछ । यसले कृषिमा रहेका जोखिम न्यूनीकरण गर्न र युवापुस्तालाई आकर्षित गर्न मद्दत पुर्‍याउँछ । विभिन्न कृषि यन्त्र ट्याक्टर, थ्रेसर र ड्रिप सिँचाइ प्रणाली, ग्रिन हाउस खेती जस्ता आधुनिक कृषि प्रविधिको प्रयोग गरी कृषिक्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु पर्छ । जसले खाद्य तथा पोषण सुरक्षा, जीवनस्तरमा सुधार, आयआर्जनमा वृद्धि, रोजगार वा स्वरोजगार प्रवर्धन र कृषिजन्य वस्तुको निर्यातमा वृद्धि हुने छ ।

उन्नत बिउबिजन तथा मलखादको उपलब्धता : परम्परागत खेती प्रणालीलाई निर्यातमुखी कृषि प्रणालीमा रूपान्तरण गर्न विश्व बजारमा उच्च माग भएका र सजिलै खपत हुन सक्ने उच्च मूल्यका नगदे बाली, मसला खेती, फलफूल तथा तरकारी खेती, औषधीजन्य वनस्पति खेतीलाई प्रोत्साहन र प्रवर्धन गर्न आवश्यक छ । अधिकतम उत्पादनका लागि फसल चक्रको प्रयोग एवं प्रसार गर्न जरुरी छ । बाली परिवर्तन गरेर माटोको उर्वराशक्ति जोगाउनु पर्छ । मधेशको जलवायु अनुकूल, सुक्खा सहने, रोग प्रतिरोधी र छिटो फल्ने बिउको विकास र प्रयोगमा जोड दिनु पर्छ । मलखादको वितरण प्रणालीलाई सहज बनाउनु पर्छ ।

**सिँचाइको पहुँच विस्तार :** मधेश भएर बग्ने कमला र बागमती नदीबाट सञ्चालित नहरको कभरेज एरिया विस्तार गर्नु पर्छ । गण्डक नहरको बहाव क्षेत्रलाई सुचारु गर्नु पर्छ । निर्माणाधीन सुनकोशी मरिण डाइभर्सन आयोजनाबाट मधेशमा बर्सैंभरि सिँचाइ गर्न सकिने सम्भावना र अवसर रहेकाले सिँचाइ पूर्वाधारको विस्तारमा अहिलेदेखि नै काम सुरु गर्नु पर्छ । सिँचाइ सुविधाको पर्याप्ताले मधेशमा बर्सैंभरि तरकारी, मसला र फलफूल खेतीलगायत अन्य नगदे बालीको उत्पादनमा वृद्धि भई कृषिक्षेत्रको विविधीकरण र व्यवसायीकरणमा सहयोग पुग्ने छ ।

**कृषि उद्योगको स्थापना तथा प्रवर्धन :** कृषिक्षेत्रको दिगो विकासका लागि एग्रो इन्डस्ट्रिजको स्थापना र प्रवर्धन आवश्यक छ । एग्रो विजनेसलाई विस्तार गरी कृषि उत्पादनलाई

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश समृद्धिको ....

औद्योगीकरणसँग जोडनु पर्छ। निर्वाहमुखी कृषिलाई व्यावसायीकरण र मूल्य शृङ्खलामा आधारित उद्योगसँग जोड्दा ग्रामीण क्षेत्रमा रोजगारीका प्रशस्त अवसर सिर्जना हुनुका साथै मधेश प्रदेशमा कृषिक्षेत्रको उत्पादनमा वृद्धि हुने छ। यसले कृषकको उत्पादकत्व र आय दुवैमा बढोत्तरी भई जनजीविकामा उल्लेख्य सुधार ल्याउँछ। कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा समेत सहयोग गर्ने छ।

**बजारको पहुँच विस्तार :** सरकारले प्रमुख उपजहरूको न्यूनतम मूल्य तोकी खरिदको सुनिश्चितता गर्नु पर्छ। ठाउँ ठाउँमा हाट बजार, सङ्कलन केन्द्र, शीत भण्डारको स्थापना गर्नु पर्छ। सङ्कलन केन्द्रलाई मुख्य राजमार्गसँग कनेक्ट गर्नु पर्छ। उपभोक्ता र विक्रेतासँग सिधै कनेक्ट गर्न अनलाइन बजार सूचना प्रणालीको विकास गर्न ढिला गर्नु हुँदैन। कृषि उत्पादनलाई विश्व बजारमा पहुँच विस्तार गर्न बजार सञ्जाल वा प्रणालीको विकास गर्न आवश्यक छ। मधेशमा उत्पादित मसला, तरकारी, फलफूललगायत अन्य औषधीय वनस्पतिलाई विश्व बजारमा निर्यात गरि वैदेशिक मुद्रा आर्जन गर्ने एउटा प्रमुख स्रोतका रूपमा विकास गर्नु पर्छ।

**अनुसन्धान र विकास :** कृषिक्षेत्रको दिगो विकासका लागि आवश्यक नयाँ नयाँ ज्ञान, विधि, प्रविधि र अभ्यासको खोज, परीक्षण र प्रयोग गरी उत्पादन, उत्पादकत्व र गुणस्तर अभिवृद्धिमा अनुसन्धान र विकास केन्द्रित हुनु पर्छ। जसको परिणामस्वरूप उन्नत तथा रोगप्रतिरोधी जातका बिउ, माटो परीक्षण, रोग तथा किरा नियन्त्रण, जलवायु प्रभाव अध्ययन, जलवायु अनुकूल बाली प्रणाली, आधुनिक सिँचाइ प्रविधि र प्रणाली, कृषि यान्त्रिकीकरण, कृषि व्यवसायको मोडेल्स आदिको अनुसन्धानमार्फत कृषिसँग सम्बन्धित समस्या, सम्भावना र सुधारका वैज्ञानिक उपाय अवलम्बन गर्न सघाउँछ।

मधेशलाई आर्थिक रूपमा सक्षम, आत्मनिर्भर र विकसित बनाउने प्रमुख माध्यम कृषि नै हो। मधेशमा उर्वर जमिन, अनुकूल जलवायु र जनसङ्ख्याको ठुलो हिस्सा कृषिमा आश्रित भएकाले कृषिक्षेत्रको विकासले नै आर्थिक वृद्धि, रोजगारी सिर्जना, खाद्य सुरक्षा र जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्ने छ। आधुनिक कृषि प्रविधि, कृषिको विविधीकरण र व्यवसायीकरण, उन्नत बिउबिजन र मलखादको उपलब्धता, सिँचाइ पूर्वाधारको विस्तार, कृषिमा उद्यमशीलता प्रवर्धन, कृषिमा आधारित उद्योगको विस्तार एवं प्रवर्धन, मूल्य शृङ्खलाको विकास एवं विस्तार, बजारको पहुँच विस्तार एवं व्यवस्थापनमार्फत कृषिक्षेत्रलाई सुदृढ बनाई मधेशको आर्थिक समृद्धि हासिल गर्न सकिन्छ।-गोरखापत्र

# निलम्बित ६ पूर्वकर्मचारीलाई कागजात बुझाउन परिषद्को ७ दिने अल्टिमेटम

खबर दर्पण समाचारदाता

**वैशाख ११ गते, बर्दिवास**



बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले कारबाहीमा परेर निलम्बन तथा बर्खास्त भएका आफ्ना ६ जना पूर्वकर्मचारीलाई सात दिनभित्र सरकारी कागजात तथा जिन्सी सामग्री बुझाउन निर्देशन दिएको छ।

परिषद्का अध्यक्ष सितल साह पूर्वेले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै पटक पटकको ताकेता बेवास्ता गरिएको र महत्वपूर्ण कागजातहरू लुकाएर राखिएको आशंकामा ती कर्मचारीलाई तत्काल सम्पर्कमा आउन अल्टिमेटम दिएका हुन्। परिषद्का अनुसार वरिष्ठ प्रशासकीय अधिकृत चिरञ्जीवी ढुङ्गाना, कम्प्युटर अधिकृत कृष्ण मुरारी सिंह, अधिकृत जितेन्द्र कुमार यादव, लेखापाल सावित्री कुमारी गिरि, स्टोर किपर मदन कुमार चौधरी र नायब सुब्बा सञ्जय कुमार मण्डलले हालसम्म कार्यालयका कागजात तथा जिन्सी सामग्री बरबुझारथ गरेका छैनन्।

उनीहरूमध्ये अधिकांशविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा विचाराधीन रहेको जनाइएको छ।

अदालतले २०८२ चैत २ गते नै आवश्यक सक्कल कागजात झिकाउन आदेश दिइसकेको भए पनि सम्बन्धित कर्मचारीहरूले उक्त आदेश कार्यान्वयन नगरेको परिषद्को दाबी छ।

अध्यक्ष पूर्वेलाई विशेष अदालतबाट वैशाख ८ गते प्राप्त पत्रको आधारमा सूचना जारी गरिएको जनाउँदै परिषद्ले तोकिएको समयसीमाभित्र कागजात बुझाएर भरपाई नलिए कडा कानुनी कारबाही अघि बढाइने चेतावनी दिएको छ।

# १७ जना अपांगता भएका......

कार्यक्रम सशस्त्र प्रहरी बल नेपाल नम्बर ९ महोत्तरीको समन्वयमा सम्पन्न भएको हो। कार्यक्रममा सोनमा गाउँपालिकाकी उपाध्यक्ष अनिता कुमारी यादव, वडा नम्बर ३ का वडा अध्यक्ष राम प्रमोद सहनी, सशस्त्र प्रहरी बल नेपाल नं. ९ महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक शेर बहादुर अधिकारी, सीमा सुरक्षा गुल्म रघुनाथपुरका गुल्मपति प्रहरी नायब उपरीक्षक गणेश पाण्डे, राष्ट्रिय अपांग संघका प्रतिनिधि तथा विद्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।


कार्यक्रममा सहभागी वक्ताहरूले अपांगता भएका व्यक्तिहरूको सहज जीवनयापनका लागि गरिएको यस प्रकारको सहयोग महत्वपूर्ण रहेको भन्दै आयोजक संस्थाप्रति धन्यवाद व्यक्त गरे।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
जन्म दर्ता किन गर्ने ?


माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न
अनुरोधकर्ता :
जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
जन्म दर्ता किन गर्ने ?


माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न
औरही नगरपालिका, महोत्तरी

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ।
सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सातौं जनकपुर साहित्य महोत्सव जेठ १ देखि ३ सम्म हुने




**खबर दर्पण समाचारदाता**
**वैशाख ११ गते, जनकपुरधाम**

जनकपुर साहित्य महोत्सवको सातौं संस्करण आगामी जेठ १ देखि ३ गतेसम्म जनकपुरधामस्थित निधि भवनमा आयोजना हुने भएको छ ।

नव मिथिला फाउन्डेसनले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै महोत्सवको औपचारिक मिति घोषणा गरेको हो ।

यसअघि २०८२ सालको माघ २२ देखि २४ गतेसम्म महोत्सव गर्ने तयारी गरिएको भए पनि देशमा विकसित असामान्य परिस्थिति तथा प्रतिनिधिसभा निर्वाचनका कारण निर्धारित मिति परिवर्तन गर्नुपरेको आयोजकले जनाएको छ ।

तथापि, महोत्सवको निरन्तरता कायम राख्दै कार्यक्रम जेठमा आयोजना गर्न लागिएको फाउन्डेसनले स्पष्ट पारेको छ।

फाउन्डेसनका अध्यक्ष अमित साहका अनुसार साहित्य, भाषा र संस्कृतिको प्रवर्द्धनमा महोत्सवले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।

उनका अनुसार महोत्सवमा साहित्यिक तथा सांस्कृतिक पहिचानसँगै समसामयिक राजनीति, समाज, अर्थतन्त्र, सुशासन, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता विषयमासमेत छलफल हुने गरेको छ ।

उनले महोत्सवले स्थानीय प्रतिभालाई उजागर गर्ने मात्र नभई बाहिरी क्षेत्रका साहित्यकार तथा संस्कृतिकर्मीलाई जनकपुरधामसँग परिचित गराउने महत्वपूर्ण मञ्चको रूपमा काम गर्दै आएको बताए ।

महोत्सवलाई यस वर्ष पनि विविध विचार, सिर्जना र सांस्कृतिक प्रस्तुतिसहित भव्य रूपमा सम्पन्न गर्ने तयारी भइरहेको आयोजकले जनाएको छ ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०८१।०९।०८ मा दर्ता भएको प्रा.लि.नं.३५७८५४ भएको जिप्सी रिसोर्ट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८२।१२।३० निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

---

## गौशाला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल

## कागज प्रमाण पेश नर्गे सम्बन्धि सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/०१/११*

प्रस्तुत विषयमा गौशाला नगरपालिकाको पन्ध्रौं नगरसभाको निर्णय बमोजिम यस कार्यालयबाट मिति २०८२।१२।३० गते प्रकाशित घर, टहरा र जग्गा खाली गर्ने सम्बन्धी सूचनामा उल्लेखित हाल गौशाला बजारमा पर्ने साविक शिवभक्तिखोर गा.वि.स. वडा नं. १ को कित्ता नं. ११५, ११६ र ११७ को जग्गा मध्ये केही जग्गाहरू पुन: नापी भई नयाँ कित्ताहरू कायम भएको र यसरी कायम भएका कित्ताहरू मध्ये कतिपय कित्तामा जग्गाधनी प्रमाण पूर्जा समेत प्राप्त गरी बसोबास हुँदै आएको साथै केही कित्ता जग्गाहरूका हकमा विभिन्न निकायहरूमा जग्गा दर्ताको प्रक्रिया समेत चलिरहेको भन्ने बुझिन आएकोले यसरी जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरी हकभोग गरिरहेको र अन्य किसिमले जग्गा दर्ताको प्रक्रिया चलिरहेको अवस्था भएमा सम्बन्धित जग्गाधनी तथा व्यक्तिहरूले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आफूसँग भएको हकभोगको प्रमाण तथा सम्बन्धित कागजातहरू गौशाला नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यालयमा प्रमाण पेश नभएका सरकारी, सार्वजनिक जग्गाहरूमा निर्मित संरचनाहरू यस पूर्व प्रकाशित सूचना बमोजिम हटाइने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचना मार्फत पुन: जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

---

योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**योगका फाइदाहरू**

- शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
- मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
- निद्रा सुधार गर्छ
- ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

- खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
- शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
- दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
- नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
- सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
- यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :
**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

---

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,